# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः ७ मितिः २०८१/०६/१०

## भाग-२

### बनेपा नगरपालिका

**बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ र नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० मा संशोधन सम्बन्धी सूचना**

सूचना नं.: १

## बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ मा पहिलो संशोधन सम्बन्धी सूचना ।

(कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१०।२१)

बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ मा देहाय बमोजिम संशोधन गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक
### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यो कार्यविधि को नाम "बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ (पहिलो संशोधन, २०८१)" रहेकोछ।

(२) यो कार्यविधि बनेपा नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ को परिच्छेद २ को दफा ६. पछि देहाय (प) थप गरिएको।

(प) बनेपा नगरपालिका क्षेत्र भित्र संस्थागत विद्यालयले शैक्षिक गुठी दर्ता गर्न चाहेमा नगरपालिकाले त्यस्तो गुठी सम्बन्धी विधान स्वीकृती गरी दर्ता गर्ने, संशोधन गर्ने र खारेज गर्न सक्नेछ।



सूचना नं.: २

## बनेपा नगरपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० मा पहिलो संशोधन सम्बन्धी सूचना ।

(कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०५।२६)

### परिच्छेद-१
### प्रारम्भिक
### संक्षिप्त नाम र परिभाषा

बनेपा नगरपालिका नगर प्रहरी व्यवस्थापन कार्यबिधि २०८० लाई संशोधन गर्न वान्छनिय भएकोले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगरपालिका नगर कार्यपालिकाले देहाय बमोजिम संशोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**
यो कार्यबिधिको नाम बनेपा नगरपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० (पहिलो संसोधन २०८१) रहेको छ ।

२. यो कार्यविधि बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट पारीत भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. **बनेपा नगरपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि २०८० को दफा ३ को उपदफा (४) (क) (३) मा संशोधन :**
उमेर २१ वर्ष पुरा भई "४० वर्ष ननाघेको" भनी संशोधन गरीएको ।

४. **बनेपा नगरपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि २०८० को दफा ३ को उपदफा (४) (ख) (३) मा संशोधन :**
उमेर १८ वर्ष पुरा भई पछि "४० वर्ष ननाघेको" भनी संशोधन गरीएको ।

५. **बनेपा नगरपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि २०८० को दफा ७ को उपदफा (७) पछि उपदफा ८ थप गरीएको :**

"(८) नगर प्रहरीको कुनै पदमा प्रतिक्षा सूचीमा रहेका उम्मेदवारले समान वा तल्लो पद एक बर्ष भित्रमा रिक्त भएमा स्वइच्छाले उक्त पदमा रही कामकाज गर्न मन्जूर गरी निवेदन दिएमा निजलाई समान वा तल्लो पदमा सेवा करार सम्झौता गरी काममा लगाउन सकिने छ ।"

६. **अनुसूची -४ मा संशोधन:**

(क) अनुसूची ४ (क) मा परीक्षाको पाठ्यक्रम, परीक्षाको किसिम शिर्षकको क्र.स. १ को प्रथम चरणको विवरण शिर्षकमा "शारीरिक स्वास्थ्य परीक्षण र तन्दुरुस्ती परीक्षा" भनी संशोधन गरीएको ।

**आज्ञाले,**
**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**